**नेपाल धितोपत्र बोर्ड**
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
**Securities Board of Nepal**
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेस विज्ञप्ती

### रजत जयन्ती स्मारिका सिक्का लोकार्पण ।

नेपाल धितोपत्र बोर्डले आफ्नो स्थापनाको रजत जयन्तीको उपलक्ष्यमा बोर्डको रजत जयन्ती लोगो अंकित हुलाक टिकट तथा रजत जयन्ती स्मारिका सिक्का प्रकाशन गर्ने कार्यक्रम अनुरुप यस अघि हुलाक टिकटको सस्मरणार्थ आवरणमा टाँचा लगाई अनावरण गरि सकिएको छ ।

यसै क्रममा रजत जयन्तीको उपलक्ष्यमा बोर्डको अनुरोधमा नेपाल सरकारको स्वीकृतिमा नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले २९ मि.मि डायमिटरको ८.५ ग्राम तौल भएको कुप्रो निकेल (Cupro Nickel) धातुको रु १००।- दरको सिक्का निष्काशन गरेको छ । सो सिक्कालाई आज मिति २०७६।०३।१५ मा एक कार्यक्रम विच बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यूले लोकार्पण गर्नु भएको छ ।

लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दे नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाका प्रमुख श्री थानेश्वर आचार्यले कला, पर्यटन तथा राष्ट्रिय महत्वका विविध विषयहरुलाई नेपाल राष्ट्र बैंकले सिक्का प्रकाशन गर्ने प्रचलन रहे बमोजिम धितोपत्र बजार नियमनकारी निकायको रजत जयन्तीको उपलक्ष्यमा यस्तो चादीको सिक्का निष्काशन गरिएको जानकारी गराउदै सो सिक्काको महत्व बारे समेत प्रकाश पार्नु भयो । कार्यक्रममा बोर्डका अध्यक्ष डा. कार्कीले बोर्डको अनुरोध बमोजिम विशेष महत्वसाथ यस्तो सिक्का प्रकाशन गरेकोमा नेपाल राष्ट्र बैंक, टक्सार महाशाखालाई धन्यबाद दिनु भयो ।

रजत जयन्तीको उपलक्ष्यमा निकट भविष्यमा रु २,५०० दरको सिक्का समेत निष्काशन गर्ने कार्यक्रम रहेको छ ।

मिति: २०७६।३।१५

(निरज गिरी)
प्रवक्ता